नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

पत्र सं. :- २०७९/०८०
चलानी नं.:- १५५

मितिः- २०७९/०६/२४

विषयः- स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा।

श्री स्थानीय तहहरु (सबै)

प्रस्तुत विषयमा निर्वाचन आयोगको च.नं.३४ मिति २०७९।०६।१४ को स्थानीयस्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी पत्र आवश्यक जानकारी एवं समन्वयको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा अपलोड गरिदिनुहुन ।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: 38/065/080

मिति : २०७९।६।१४

विषय : **स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रम संचालन सम्बन्धमा ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 9828
दर्ता मितिः:- 6122

प्रिय सहकारीज्यू,

संवत् २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम सम्बन्धी अवधारणापत्र र मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ आयोगबाट स्वीकृत भएको छ ।

स्थानीय स्तरमा निर्वाचन प्रचार प्रसार र मतदाता शिक्षा कार्यक्रम संचालन गर्न मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ को दफा १३ मा **"मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रम"** संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । यो कार्यक्रम संचालनका लागि उक्त निर्देशिकाको दफा ११ मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा "मतदाता शिक्षा समन्वय समिति (स्थानीय तह स्तर) र स्थानीय तहको सम्बन्धित वडा सचिवको संयोजकत्वमा "मतदाता शिक्षा संचालन समिति (वडास्तर)" रहने व्यवस्था रहेको छ । उल्लिखित कार्यक्रम मतदानको दिनभन्दा पन्ध्र दिन अघिदेखि देशभरका सबै वडाहरुमा संचालन गर्नुपर्ने भएको र यस कार्यक्रममा संलग्न हुने जनशक्तिको लागि आवश्यक साधन श्रोतको व्यवस्था सम्बन्धित स्थानीय तहले नै गर्नुपर्ने प्रावधान आयोगबाट स्वीकृत उक्त निर्देशिकामा भएको हुँदा उपरोक्त बमोजिमको कार्यक्रम प्रभावकारीरुपमा संचालन गर्न सम्वन्धित निकायहरुलाई आवश्यक समन्वय र निर्देशन हुन अनुरोध गर्दछु । आयोगबाट स्वीकृत मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ को प्रति संलग्न छ ।

श्री सचिव,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

( गोकर्णमणि दुवाडी )
सचिव

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९

# मतदाता शिक्षा कार्यक्रम निर्देशिका

प्रस्तावना : निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित, मितव्ययी र भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनका विषयमा आममतदातालाई सुसूचित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, निर्वाचन सम्बन्धी कानून, मतदाता शिक्षा नीति तथा आयोगबाट स्वीकृत मतदाता शिक्षा अवधारणा बमोजिम संवत् २०७९ साल मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रभावकारी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्तै प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले मतदाता शिक्षा कार्यक्रम सम्झनु पर्छ ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिमको मतदाता शिक्षा कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ ।

(ङ) "कार्यान्वयन समिति" भन्नाले दफा ५ बमोजिमको मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ ।

(च) "जाँचबुझ तथा अनुगमन समिति" भन्नाले दफा ७ बमोजिमको मतदाता शिक्षा सामग्री जाँचबुझ तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "जिल्ला स्तरीय समिति" भन्नाले दफा ९ बमोजिमको मतदाता शिक्षा जिल्ला स्तरीय समिति सम्झनु पर्छ ।

(ज) "समन्वय समिति" भन्नाले दफा ११ बमोजिमको मतदाता शिक्षा समन्वय समिति (स्थानीय तह स्तर) सम्झनु पर्छ ।

(झ) "संचालन समिति" भन्नाले दफा १२ बमोजिमको मतदाता शिक्षा संचालन समिति (वडा स्तर) सम्झनु पर्छ ।

(ञ) "निर्वाचन" भन्नाले संवत २०७९ साल मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सम्झनु पर्छ ।

(ट) "निर्वाचन अधिकारी" भन्नाले प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ठ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ड) "मतदाता" भन्नाले आयोगले प्रकाशन गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) "मतदाता शिक्षा कार्यक्रम" भन्नाले निर्वाचन अवधिमा मतदातालाई सूसुचित गर्न आयोगले संचालन गरेको प्रचार प्रसारको कार्यक्रम सम्झनु पर्छ ।

(ण) "शिक्षा सामग्री" भन्नाले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि आयोगबाट स्वीकृत सबै प्रकारका सूचना, पोष्टर, ब्रोसर (हाते पुस्तिका), एफएक्यू, फ्लिप चार्ट, नमूना मतपत्र, गिती सन्देश, संवादमूलक सन्देश, निर्वाचन गीत, विभिन्न भाषाका सन्देश, टेलिड्रामा, टेलिचलचित्र, निर्वाचन दोहोरी, रेडियो लघु नाटक, मतदाता शिक्षा तालिम भिडियो, डिजिटल डिस्प्लेको सन्देश, एसएमएस, कलर रिङ्ग ब्याक टोन, रेडियो तथा टेलिभिजन कार्यक्रम, टेलिभिजन निर्वाचन क्लव, निर्वाचन चौतारी, निर्वाचन एक्सप्रेस तथा सांगितीक कन्सर्ट, टिभीमा सन्देश स्क्रोलिङ, सामाजिक सञ्जाल र अनलाइन पोर्टलमा राखिने सन्देश तथा सूचना लगायत अन्य प्रचारात्मक सामग्री सम्झनु पर्छ ।

(त) "समुदायस्तर/घरदैलो कार्यक्रम" भन्नाले दफा १३ बमोजिम स्थानीय तहले आफ्ना वडाहरुमा आयोगको निर्देशन बमोजिम संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम सम्झनु पर्छ ।

(थ) "महिला स्वयंसेविका" भन्नाले स्थानीय तहका वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका भन्ने सम्झनु पर्दछ ।

(द) "घुम्तीटोली" भन्नाले दफा १४ बमोजिम शहरी क्षेत्रका रणनीतिक स्थानहरुमा आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम सम्झनु पर्छ ।

## परिच्छेद-२

## संरचनात्मक व्यवस्था

३. <u>मतदाता शिक्षा कार्यक्रम निर्देशक समिति</u> : मतदाता शिक्षा कार्यक्रमका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने, आयोगसँग समन्वय गर्ने तथा मातहत निकायहरुलाई आवश्यक निर्देशन दिनुको साथै सम्पूर्ण कार्यक्रमको नियमित अनुगमन तथा मूल्याकंन गर्न आयोगमा देहाय बमोजिमको मतदाता शिक्षा कार्यक्रम निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| (क) माननीय निर्वाचन आयुक्तज्यू (मतदाता शिक्षा हेर्ने) | संयोजक |
| (ख) आयोगका माननीय आयुक्तज्यू | सदस्य |
| (ग) सचिव, निर्वाचन आयोग | सदस्य |

(घ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सदस्य
(ङ) सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय सदस्य
(च) सचिव, शिक्षा मन्त्रालय सदस्य
(छ) आयोगका सबै महाशाखा प्रमुखज्यूहरु सदस्य
(ज) उपसचिव, निर्वाचन शिक्षा तथा तालिम शाखा, निर्वाचन आयोग सदस्य-सचिव

४. निर्देशक समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी : निर्देशक समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

१. निर्वाचनका लागि आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रमको नीति, कार्यक्रम र निर्देशिका तर्जुमा गर्ने,
२. मतदाता शिक्षा कार्यक्रम अन्तर्गत आवश्यक जनशक्तिको पहिचान, प्राप्ति, परिचालन र व्यवस्थापन गर्ने,
३. मतदाता शिक्षा कार्यमा संलग्न हुने जनशक्तिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने,
४. आयोग र मातहत कार्यालयले संचालन गरेका मतदाता शिक्षा कार्यक्रमहरुमा समन्वय र सहजीकरण गर्ने,
५. आयोगले तयार गर्ने मतदाता शिक्षा कार्यक्रमका सामग्रीहरुको विषयवस्तु पहिचान गरी स्वीकृत गर्ने,
६. मतदाता शिक्षा कार्यक्रम संचालन गर्दा आउने सुझाव, प्रतिक्रिया एवम् समस्याहरुलाई तत्काल समाधान गर्ने,
७. आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम सम्बन्धी अवधारणा, नीति र निर्देशिका बमोजिम समन्वय र सहजीकरण गर्नुपर्ने सरकारी, गैर सरकारी एवम् निजी संघ संस्थाहरुको विवरण तयार गरी समय समयमा छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,
८. निर्वाचनका लागि प्रचार प्रसार गर्न सक्ने भौतिक श्रोत साधन भएका संघ, प्रदेश र स्थानीय सरकारका निकायहरुलाई आयोगको आबश्यकता अनुसार मतदाता शिक्षा एवम् प्रचार प्रसारका कार्यक्रम संचालन गर्न अनुरोध गर्ने,
९. सरकारी संचार माध्यमले मतदाता शिक्षा कार्यक्रम अवधारणा तथा नीति बमोजिम संचालन गर्ने कार्यका लागि मापदण्ड तथा कार्यविधि तयार गरी स्वीकृत गर्ने,
१०. आयोगबाट स्वीकृत अवधारणा तथा नीति बमोजिम मतदाता शिक्षा कार्यक्रम संचालन गर्न चाहने गैर सरकारी एवम् निजि क्षेत्रका संघ संस्थाहरुका लागि कार्यक्रम संचालनको रणनीति, मापदण्ड तथा कार्यविधि तयार गरी स्वीकृत गर्ने,
११. आयोगले संचालन गरेको मतदाता शिक्षा कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने ।

५. मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन समिति : मतदाता शिक्षा कार्यक्रम अन्तर्गत प्रचार प्रसारका सामग्रीहरुको तयारी, छपाइ, उत्पादन, प्रकाशन, प्रसारण तथा प्रदर्शन गर्नका लागि आवश्यक सम्पूर्ण व्यवस्थापनको कार्य गर्न आयोगमा देहाय बमोजिमको समिति रहने छ ।

(क) सचिव, निर्वाचन आयोग संयोजक
(ख) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा सदस्य
(ग) सहसचिव, प्रशासन महाशाखा सदस्य
(घ) उप सचिव, आर्थिक प्रशासन शाखा सदस्य
(ङ) उपसचिव, प्रशासन शाखा सदस्य

(च) उपसचिव, निर्वाचन शिक्षा तथा तालिम शाखा — सदस्य
(छ) प्रतिनिधि, नेपाल टेलिभिजन — सदस्य
(ज) प्रतिनिधि, रेडियो नेपाल — सदस्य
(झ) कम्प्यूटर अधिकृत, निर्वाचन शिक्षा तथा तालिम शाखा — सदस्य सचिव

६. <u>कार्यान्वयन समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी</u> : कार्यान्वयन समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

१. निर्वाचनका लागि आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रमको लागत अनुमान, बजेट तथा कार्ययोजना तयार गर्ने,
२. मतदाता शिक्षा कार्यक्रमको अवधारणा बमोजिमका क्रियाकलापहरुको संचालन र व्यवस्थापनको सम्पूर्ण कार्य गर्ने,
३. मतदाता शिक्षा कार्यक्रमका लागि पहिचान भएका मतदाता शिक्षा सामग्रीहरुको तयारी, डिजाइनिङ, उत्पादन र विकास गर्ने,
४. मतदाता शिक्षा कार्यक्रमका लागि आवश्यक छपाइ सामग्री, ऐन नियम निर्देशिका छपाइ, मतदाता नामावली छपाइ तथा निर्वाचन सम्बन्धी सम्पूर्ण छपाइको कार्य गर्ने,
५. सरकारी संचार माध्यम तथा अन्य निजी एवम् गैर सरकारी संघ संस्थाहरुले आयोगको अनुमतिमा संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम संचालनका लागि समझदारी र सम्झौता गर्ने,
६. मतदाता शिक्षा सामग्रीको तयारीका लागि आयोगले खरिद गर्नुपर्ने वस्तु तथा सेवाको खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्ने,
७. उपर्युक्त प्रकरण बमोजिम सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वस्तु तथा सेवा खरिद गर्न समयाभाव र निर्वाचनको कार्यमा बाधा पर्नेगरी जोखिमको अवस्था हुने भएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को व्यवस्था बमोजिमको प्रक्रिया अवलम्बन गरी मतदाता शिक्षा सम्बन्धी सामग्रीका लागि वस्तु तथा सेवा खरिद गर्ने,
८. मतदाता शिक्षा सम्बन्धी सामग्रीका लागि वस्तु तथा सेवा खरिद गर्दा आयोगको आवश्यकता, सामग्रीको गुणस्तरियता, सेवा प्रदायकको प्रतिस्पर्धा जस्ता विषयलाई उच्च प्राथमिकता दिने,
९. निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम मतदाता शिक्षाका लागि वस्तु तथा सेवा खरिद गर्न छुट्टै कार्यविधि आवश्यक देखिएमा त्यस्तो कार्यविधि तयार गरी स्वीकृत गर्ने,
१०. मतदाता शिक्षाका सामग्री तयारीका लागि वस्तु तथा सेवा खरिद गर्दा छनौट भएका सेवा प्रदायक संस्थासँग प्रचलित खरिद सम्बन्धी कानून बमोजिम सम्झौता गरी कार्यादेश दिने,
११. सम्झौता बमोजिम कार्य सम्पन्न भई सम्बन्धित सेवा प्रदायक संस्थाबाट कार्य सम्पन्न प्रतिवेदन लगायतका आवश्यक कागजात पेश भएपछि आवश्यक मूल्यांकन गरी भुक्तानीका लागि सिफरिश गर्ने,
१२. मतदाता शिक्षा कार्यक्रमका सामग्री प्राप्ति, भण्डारण, वितरणको कार्ययोजना तयार गरी केन्द्र, प्रदेश तथा जिल्ला स्तरबाट प्रचार प्रसारको व्यवस्था गर्ने,
१३. मतदाता शिक्षा कार्यक्रमको कार्यका लागि आवश्यक भएमा समितिले विभिन्न उपसमिति गठन गरी काममा लगाउन सक्ने,

१४. मतदाता शिक्षा कार्यक्रमका लागि समितिले आवश्यक देखेका अन्य कार्यहरु गर्ने ।

७. **मतदाता शिक्षा सामग्री जाँचबुझ तथा अनुगमन समिति** : मतदाता शिक्षा सम्बन्धी अवधारणा बमोजिम तयारी र उत्पादन भएका, विकास साझेदार संघसंस्थाहरुले तयार गरेका तथा निर्वाचन प्रचार प्रसारका लागि आयोगलाई प्राप्त भएका विभिन्न प्रचार सामग्रीहरु जाँचबुझ तथा अनुगमन गर्ने प्रयोजनका लागि आयोगका देहाय बमोजिम समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | सचिव | संयोजक |
| (ख) | सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा | सदस्य |
| (ग) | उप सचिव, आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | उप सचिव, प्रशासन शाखा | सदस्य |
| (ङ) | उपसचिव, निर्वाचन शिक्षा तथा तालिम शाखा | सदस्य |
| (च) | उपन्यायाधिवक्ता, राजनीतिक दल सम्बन्ध शाखा | सदस्य |
| (छ) | प्रतिनिधि, रेडियो नेपाल | सदस्य |
| (ज) | कम्प्यूटर अधिकृत, निर्वाचन शिक्षा तथा तालिम शाखा | सदस्य सचिव |

८. **जाँचबुझ तथा अनुगमन समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी** : अनुगमन समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

१. निर्वाचनका लागि आयोगले संचालन गर्ने मतदाता शिक्षा कार्यक्रम अन्तर्गत उत्पादन भएका सामग्रीहरु संकलन गरी भण्डारण गर्ने तथा गर्न लगाउने,
२. मतदाता शिक्षा कार्यक्रमका सामग्रीहरु प्रचलित कानून, आयोगको नीति निर्देशन तथा सामाजिक व्यवस्था अनुकूल भए नभएको सम्बन्धमा मूल्याकंन गरी प्रसारणको लागि सिफारिश गर्ने,
३. मतदाता शिक्षा कार्यक्रमका लागि पहिचान भएका मतदाता शिक्षा सामग्रीहरुको तयारी, डिजाइनिङ, उत्पादन र विकासका लागि आवश्यक व्यवस्थापकीय कार्य गर्ने,
४. मतदाता शिक्षा कार्यक्रमका लागि विकास साझेदार संस्था तथा अन्य संघ संस्थाहरुले तयार गरी आयोगलाई उपलब्ध गराएका सामग्रीहरु मूल्याकंन गरी स्वीकृत गर्ने,
५. यसरी स्वीकृत गरिएका मतदाता शिक्षा सामग्रीहरु निर्वाचन कार्यतालिका बमोजिमको उपयुक्त समयमा प्रकाशन एवम् प्रसारणका लागि सिफारिश गर्ने,
६. आयोगबाट सम्झौता र कार्यादेश भई उत्पादन भएका कुनै प्रचार सामग्रीहरु प्रकाशन तथा प्रसारणका लागि उपयुक्त नभएको देखिएमा तत्काल परिमार्जनका लागि सम्बन्धित फर्म/संस्थालाई निर्देशन दिने,
७. मतदाता शिक्षा कार्यक्रम संचालन सम्बन्धमा आयोग, निर्देशन समिति तथा कार्यान्वयन समितिले दिएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

९. **मतदाता शिक्षा जिल्ला स्तरीय समिति** : प्रत्येक जिल्लामा सरोकारवाला निकायहरूसँग समन्वय, साझेदारी र अन्तरसम्बन्ध कायम गरी मतदाता शिक्षा कार्यक्रम अर्न्तगत घरदैलो कार्यक्रम, सूचना कक्ष संचालन तथा घुम्ती मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन गर्न, गराउन देहाय बमोजिमको मतदाता शिक्षा जिल्ला कार्यान्वयन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| (ख) | जिल्ला समन्वय अधिकारी | - सदस्य |
| (ग) | जिल्ला सदरमुकामको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | नेपाल पत्रकार महासंघको प्रतिनिधि | - सदस्य |

(ङ) निर्वाचन अधिकारी -सदस्य-सचिव

जिल्ला स्तरीय समितिको बैठकमा आवश्यकता अनुसार स्थानीय तहका प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला समिति, सामाजिक जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संस्था वा नागरिक समाज़, निर्वाचन शिक्षा तथा मतदाता शिक्षाको कार्यमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्था मध्येबाट बढीमा तीन जनासम्म आमन्त्रण गर्न सकिनेछ। जिल्ला स्तरीय समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **जिल्ला स्तरीय समितिको काम, कर्तव्य र अधिकार** : जिल्ला स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनको लागि जिल्लाका स्थानीय तह, जिल्लास्थित सरकारी कार्यालय, गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि जिल्लामा प्रचलित भाषा, संस्कृति, परम्परा तथा स्थानीय समुदाय, निर्वाचन विज्ञ तथा स्रोत व्यक्ति र संघसंस्थाको सूची तयार गरी राख्ने र आयोगबाट माग भएमा उपलब्ध गराउने,

(ग) आफ्नो जिल्लामा स्थानीय तहले सञ्चालन गर्ने मतदाता शिक्षा सम्बन्धी घरदैलो तथा घुम्तीटोली कार्यक्रमको समन्वय, सहजीकरण र अनुगमन गर्ने,

(घ) आयोगको अनुमतिमा विभिन्न संघसंस्था र निकायबाट संचालन हुने मतदाता शिक्षा सम्बन्धी कार्यक्रमहरुको समन्वय र सहजीकरण गर्ने,

(ङ) मतदाता शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न स्थानीय तहहरुलाई प्राविधिक सहयोग तथा सहजीकरण गर्ने,

(च) शिक्षा सामग्रीलाई सामाजिक सञ्जाल र आमसञ्चार माध्यम मार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाउने र त्यसरी भएको सम्प्रेषण सम्बन्धी कार्यको नियमन गर्ने,

(छ) स्थानीयस्तरमा गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालालाई कार्यक्रम सञ्चालन गर्न स्वीकृतिका लागि आयोगमा पेश गर्ने तथा सञ्चालित कार्यक्रमको अनुगमन तथा नियमन गर्ने,

(ज) जिल्लास्थित सरोकारवालाबाट प्राप्त मतदाता शिक्षा सम्बन्धी गुनासोको सुनुवाई गर्ने,

(झ) आयोगले उत्पादन गरी जिल्लामा प्राप्त भएका शिक्षा सामग्री सुरक्षित रूपमा अभिलेख तथा भण्डारण गरी आवश्यकता अनुसार सरोकारवालालाई उपलब्ध गराउने,

(ञ) स्थानीय स्तरमा हुने मतदाता शिक्षा सम्बन्धी अध्ययन, अनुसन्धानलाई आवश्यक सहयोग र समन्वय गर्ने,

(ट) मतदाता शिक्षा कार्यक्रम संचालन सम्बन्धमा आयोगको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने।

११. **मतदाता शिक्षा समन्वय समिति (स्थानीय तह स्तर)** : (१) स्थानीय तहका वडाहरुमा संचालन हुने मतदाता शिक्षा कार्यक्रमको समन्वय र सहजीकरण गर्नका लागि सम्बन्धित स्थानीय तहमा देहाय बमोजिम समिति रहने छ।

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) सम्बन्धित स्थानीय तहको सामाजिक विकास हेर्ने अधिकृत सदस्य

(ग) सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख — सदस्य

(घ) सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पर्क व्यक्ति — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले बढीमा दुई जनासम्म व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो क्षेत्रभित्र वडा स्तरमा संचालन हुने मतदाता शिक्षा कार्यक्रमका लागि आयोगबाट उपलब्ध मतदाता शिक्षा सामग्रीहरु सम्बन्धित वडास्तरका समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले सामुदायिक/संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको वैठक आयोजना गरि मतदाता शिक्षा वारे जानकारी दिने र सम्बन्धित विद्यालयको कक्षामा मतदाता शिक्षा वारे जानकारी दिने व्यवस्था मिलाउने ।

(४) उपदफा (१) बमोजिमको समितिले आफ्नो क्षेत्रभित्रका सबै वडाहरुमा संचालन भएका मतदाता शिक्षा कार्यक्रमको नियमित अनुगमन गरी सम्बन्धित निर्वाचन कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ ।

(५) दफा १३ बमोजिम समितिले वडामा संचालन हुने मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रमका लागि वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट न्यूनतम एसईई (एस.एल.सी.) उत्तिर्ण गरेका एकजनालाई तोक्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि जनशक्ति परिचालन गर्दा लाग्ने भत्ता तथा अन्य खर्च सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

१२. **मतदाता शिक्षा संचालन समिति (वडा स्तर)** : (१) स्थानीय तहका वडाहरुमा संचालन हुने मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन गर्नका लागि सम्बन्धित वडामा देहाय बमोजिम समिति रहने छ ।

(क) वडा सचिव — संयोजक

(ख) दफा ११ बमोजिमको मतदाता शिक्षा समन्वय समितिले तोकेको महिला स्वास्थ्य स्वयंसेविका — सदस्य

(ग) वडा सचिवले तोकेको सहायकस्तरको कर्मचारी — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन कार्यालयको समन्वयमा स्थानीय तहमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा भाग लिने,

(ख) आफ्नो वडा क्षेत्रभित्रका सम्पूर्ण मतदातालाई समेट्ने गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन कार्यतालिका तयार गरी महिला स्वास्थ्य स्वयंसेविकाबाट वडामा समुदायस्तर/घरदैलो कार्यक्रम संचालन गर्न लगाउने,

(ग) आफ्नो वडामा मतदाता शिक्षालाई प्रभावकारी रूपमा जनस्तरसम्म पुऱ्याउने कार्य गर्ने,

(घ) वडाको क्षेत्रभित्र क्रियाशील राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्था, नागरिक समाज, सामाजिक अगुवा आदिसँग सामूहिक साक्षात्कार तथा अन्तरक्रिया गरी मतदाता शिक्षा कार्यक्रममा सहयोग र सहजीकरण गर्न अनुरोध गर्ने,

(ङ) वडाको क्षेत्रभित्र रहेका मतदाताको समुदायस्तर/घरदैलोसम्म पुगी मतदातालाई आवश्यक सूचना र सन्देश प्रदान गर्ने,

(च) निर्वाचन कार्यालयबाट प्राप्त भएका पर्चा, पोष्टर, ब्रोसर लगायतका मतदाता शिक्षा सामग्री वितरण तथा टाँस गर्ने,

(छ) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा स्थानीयस्तरमा प्रचलित मेला महोत्सव, हाटबजार आदिमा प्रचार प्रसार र सचेतनाको कार्यक्रम गर्ने,

(ज) मतदाता शिक्षाको लागि आयोगले विभिन्न सञ्चार माध्यमबाट प्रकाशन, प्रसारण गरेका प्रचार प्रसारका कार्यक्रमका बारेमा नियमित रुपमा जानकारी लिई आम मतदातालाई सुसूचित गर्ने,

(झ) वडा क्षेत्रमा आयोग बाहेक अन्य निकायबाट सञ्चालन भएका मतदाता शिक्षाका गतिविधिको बारेमा निर्वाचन कार्यालयमा नियमित जानकारी गराउने,

(ञ) समितिबाट दैनिक भएका कार्यको टिपोट गरी समन्वयकर्ता र अनुगमन अधिकृत समक्ष पेश गर्ने,

## परिच्छेद -३

## स्थानीय स्तरका मतदाता शिक्षा सम्बन्धी क्रियाकलाप

१३. मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रम : (१) स्थानीय तहका वडाहरुमा महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी नमूना मतपत्र र अन्य मतदाता शिक्षा सामग्रीहरुको माध्यमबाट मतदान गर्ने सहि तरिका र मतदान सम्बन्धी थप जानकारी दिनेगरी पन्ध्रदिनसम्म मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समुदायस्तर/घरदैलो कार्यक्रममा मतदाता शिक्षा संचालन समिति (वडास्तर) ले वडाभित्रका टोल विकास संस्था, नागरिक समाजका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि लगायत सामाजिक कार्यमा संलग्न व्यक्तिहरुसँग मतदाता शिक्षाका लागि अन्तरक्रिया तथा छलफलको कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(३) निर्वाचन कार्यालयले आयोगको समन्वयमा आफ्नो जिल्ला भित्र संचालन हुने मतदाता शिक्षा कार्यक्रमका लागि आवश्यक तालिम र मतदाता शिक्षा सामग्रीहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम घरदैलो कार्यक्रम संचालन गर्दा मतदाता शिक्षा संचालन समिति (वडास्तर) ले मतदाता शिक्षाको पहुँच कम भएका लक्षित मतदाताहरुको पहिचान गरी यस्ता क्षेत्रहरुमा विशेष मतदाता शिक्षा कार्यक्रम समेत संचालन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम संचालन हुने मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रम स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको मान्यता अनुरुप संचालन गर्नुपर्नेछ ।

(६) मतदाता शिक्षा कार्यक्रम संचालन (वडास्तर) कार्यक्रमका लागि आवश्यक साधन श्रोत र जनशक्तिको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ ।

१४. मतदाता शिक्षा घुम्तीटोली : (१) प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदाताहरुमा जानकारी उपलब्ध गराउन आयोगले आवश्यक देखेका जिल्ला भित्रका निर्वाचन क्षेत्रहरुमा घुम्तीटोली कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) यस्तो घुम्तीटोली कार्यक्रम मतदान हुने दिनको अठ्चालिस घण्टा अघि सात दिनसम्म संचालन गर्न सकिनेछ ।

(३) प्रत्येक घुम्तीटोलीमा दुई जनाका दरले जिल्ला स्तरीय समितिको सिफारिश बमोजिमका कर्मचारीहरु सम्बन्धित निर्वाचन कार्यालयले खटाउनेछ ।

(४) उपदफा (३) बमोजिम जिल्ला स्तरीय समितिले घुम्तीटोलीको लागि कर्मचारी सिफारिश गर्दा दफा १३ बमोजिम मतदाता शिक्षा समुदायस्तर/घरदैलो कार्यक्रम संचालनका लागि योग्यता पुगेका कर्मचारीहरु मध्येबाट गर्नुपर्नेछ ।

(४) घुम्तीटोली वडाक्षेत्रभित्रका चौबाटो, चोक, गल्ली लगायतका मुख्य मुख्य स्थानहरुमा परिचालन गर्नुपर्नेछ ।

(५) घुम्तीटोलीमा खटिने कर्मचारीहरुका लागि आवश्यक तालिम तथा सवारी साधन र साउण्ड सिस्टमको व्यवस्था, जनशक्ति तथा प्रचार सामग्रीको व्यवस्थापन सम्बन्धित निर्वाचन कार्यालयले गर्नेछ ।

(६) घुम्तीटोलीमा खटिने कर्मचारीहरुको नियुक्ति पत्र, कार्यशर्त, आचार संहिता आदि सम्बन्धित निर्वाचन कार्यालयले तोके बमोजिम हुनेछ ।

१५. **नमूना मतदान तथा अन्तरक्रिया** : (१) सम्बन्धित निर्वाचन कार्यालयले देशभरका ७५३ वटै स्थानीय तहमा मतदाताहरुको सहभागितामा नमूना मतदान कार्य संचालन गर्नेछ ।

(२)सम्बन्धित निर्वाचन कार्यालयहरुले स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा नमूना मतदान तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) मतद्दाता शिक्षा सामग्री उत्पादन गर्ने प्रयोजनका लागि आयोगले थप नमूना मतदान कार्यक्रम संचालन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहमा संचालन हुने नमूना मतदान कार्यक्रमका लागि आवश्यक हुने सामग्री तथा प्राविधिक सहयोग सम्बन्धित निर्वाचन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -४

## मतदाता शिक्षा सामग्री उत्पादन

१६. **अडियो तथा भिडियो सामग्री** : (१) आम संचार माध्यमहरुबाट सन्देश प्रकाशन, प्रसारण तथा प्रदर्शन गर्नका लागि आयोगले निम्न बमोजिमका अडियो तथा भिडियो सामग्री आवश्यक संख्यामा उत्पादन गरिनेछ ।

| सि.नं. | सामग्रीको नाम | अवधि |
|---|---|---|
| १. | गिती सन्देश *(अडियो/भिडियो)* | १ मिनेट |
| २. | संवादमूलक सन्देश *(अडियो/भिडियो)* | १ मिनेट |
| ३. | निर्वाचन गीत *(अडियो/भिडियो)* | ५ मिनेट |
| ४. | विभिन्न भाषाका सन्देश ( *अडियो/भिडियो)* | १ मिनेट |
| ५. | टेलिड्रामा *(अडियो/भिडियो)* | ५ मिनेट |
| ६. | टेलिचलचित्र *(भिडियो)* | १५ मिनेट |
| ७. | दोहोरी गीत *(अडियो/भिडियो)* | ५ मिनेट |
| ८. | म.शि.को भिडियो तयारी *(भिडियो)* | ५ मिनेट |
| ९. | रेडियो लघुनाटक *(अडियो)* | १५ मिनेट |
| १०. | कलर रिङ्ग ब्याक टोन | ३० सेकेन्ड |

(२) उपर्युक्त बमोजिम सामग्रीहरु दफा ५ बमोजिमको मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन समितिले आवश्यक प्रक्रिया निर्धारण गरी उत्पादन गर्नेछ ।

१७. **मतदाता शिक्षा छपाइ सामग्रीहरु** : आयोगबाट तथा स्थानीय स्तरमा संचालन हुने मतदाता शिक्षा सम्बन्धी कार्यक्रमहरुमा वितरण गर्नका लागि निम्न बमोजिमका छपाइ सामग्रीहरु आवश्यकतानुसार उत्पादन गरिनेछ ।

| सि.नं. | सामग्रीको नाम |
|---|---|
| १. | निर्वाचन आचार संहिता र मतदान गर्ने सहि तरिका सम्बन्धी ब्रोसर |
| २. | बारम्बार सोधिने प्रश्न र त्यसको उत्तर (FAQ) |
| ३. | विभिन्न प्रकारका पोष्टरहरु |
| ४. | नमूना मतपत्र |
| ५. | मतदाता शिक्षा सम्बन्धी सचित्र पात्रो (Flip Chart) |

(२) उपर्युक्त बमोजिम सामग्रीहरु दफा ५ बमोजिमको मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन समितिले आवश्यक प्रक्रिया निर्धारण गरी उत्पादन गर्नुपर्नेछ ।

१८. **विभिन्न भाषामा सामग्री उत्पादन** : रेडियो नेपालले हाल प्रसारण गर्ने भाषाहरु मैथिली, भोजपुरी, अवधी, लिम्बु, राई बान्तवा, शेर्पा, गुरुङ, मगर, खाम मगर, पश्चिमा थारु, पूर्वीया थारु, डोटेली, तामाङ, नेवार, राना थारु, मगही र उर्दु गरी जम्मा १७ वटा भाषामा मतदाता शिक्षा सम्बन्धी निश्चित अवधिका गिती सन्देशहरु (भिडियो) उत्पादन गरी प्रसारको व्यवस्था मिलाउनेछ ।

१९. **रेडियो तथा टेलिभिजन कार्यक्रम** : प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि आयोगले निम्न बमोजिमका रेडियो तथा टेलिभिजन कार्यक्रमहरु उत्पादन गरी प्रसारण गर्ने व्यवस्था मिलाउनेछ ।

(क) टेलिभिजनमा निर्वाचन क्लब तथा कार्यक्रम ।

(ख) रेडियोबाट निर्वाचन चौतारी ।

(ग) रेडियो नेपालबाट रेडियो कार्यक्रम

## परिच्छेद -५

## मतदाता शिक्षा सामग्री प्रकाशन तथा प्रसारण

२०. **टेलिभिजनबाट सन्देशमूलक सामग्री प्रसारण** : (१) निर्वाचन सम्बन्धी गिती सन्देश, संवादमूलक सन्देश, संवादमूलक लघुनाटक (टेलिड्रामा), लघु टेलिचलचित्र, भिडियो डकुमेन्ट्री, भिडियो एनिमेशन, निर्वाचन दोहोरी आदि सामग्रीहरु राष्ट्रिय स्तरका टेलिभिजनहरुको मुख्य तथा अन्य समयमा प्रसारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रसारण सम्बन्धी आवश्यक व्यवस्थापन दफा ५ बमोजिमको मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

२१. **स्थानीय टेलिभिजनबाट सन्देशमूलक सामग्री प्रसारण** : निर्वाचन आयोगले उत्पादन गरेका भिडियो सामग्रीहरु कानून बमोजिम दर्ता भई संचालनमा रहेका देशका स्थानीय टेलिभिजनबाट प्रसारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रसारण गर्दा आयोगले सम्बन्धित निर्वाचन कार्यालयहरुसँग समन्वय गरी गर्नुपर्ने र निर्वाचन कार्यालयहरुले समेत प्रसारणको व्यवस्था गर्न सक्नेगरी बजेट विनियोजन गरिनेछ ।

२२. **स्थानीय रेडियोहरुबाट प्रसारण** : निर्वाचन सम्बन्धी प्रचार प्रसारका अडियो सामग्रीहरुलाई कानून बमोजिम दर्ता भई हाल संचालनमा रहेका एफ.एम.रेडियोहरुबाट प्रसारण गरिनेछ ।

२३. **राष्ट्रिय दैनिक पत्रिकाहरुमा सन्देश प्रकाशन** : निर्वाचनसँग सम्बन्धित विभिन्न विषयमा सूचना र जानकारी उपलब्ध गराउने खालका सन्देशहरु, निर्वाचन आचार संहिता, आयोगले

जारी गरेका आदेश र निर्देशन लगायतका सूचना एवम् सन्देशहरु राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरु (ब्रोडसीट) मा प्रकाशन गरिनेछ ।

२४. **स्थानीय स्तरका पत्रिकाहरुमा सन्देश प्रकाशन** : आयोगले निर्वाचनका लागि तयार गरेका सन्देश तथा निर्वाचन आचार संहितालाई स्थानीय स्तरमा लोकप्रिय रहेका स्थानीय पत्रपत्रिकाहरुमा समेत प्रकाशन गर्ने आवश्यक व्यवस्था गर्नुपर्नेछ । साथै सम्बन्धित निर्वाचन कार्यालयहरुले समेत आफ्नो क्षेत्रभित्रका स्थानीय पत्रिकाहरुमा सन्देश प्रकाशन गर्न संकेतगरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

२५. **टेलिभिजन तथा यूटुबका लोकप्रिय कार्यक्रममा सन्देश** : युटुव च्यानलमा एक करोड भ्युअर्स पूरा भएका टेलिभिजन च्यानलका कार्यक्रम तथा युटुवमा राखिएका नेपाली भाषाका गीतहरुको बीच बीचमा आयोगले स्वीकृत गरेका छोटो अवधिका निर्वाचन सन्देशहरुलाई प्रस्फुरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

२६. **सेटलाइट तथा केवल टिभिबाट सन्देश स्क्रोलिङ** : आयोगले स्वीकृत गरेको निर्वाचन सम्बन्धी छोटो सन्देश सेटलाइट र केवल टिभीका नेटवर्क मार्फत् टेलिभिजन च्यानलका लोकप्रिय सिरियल तथा कार्यक्रमहरुमा स्क्रोलिङ गर्ने व्यवस्था गर्नुपर्ने छ ।

२७. **निर्वाचनको काउन्टडाउन** : आयोगको वेबपेज, सोसल साइटका पेजहरु, सरकारी संचार माध्यमहरुबाट अनिवार्यरुपमा आयोगको लोगो सहित निर्वाचनको दिनगन्ती (काउन्टडाउन) प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नुपर्ने छ ।

२८. **सरकारी डिजिटल डिस्प्लेबाट प्रसारण** : निर्वाचनका लागि आयोगले स्वीकृत गरेका छोटो अवधिका भिडियो, सन्देश तथा एनिमेशनहरुलाई सरकारी तथा सार्वजनिक निकायहरुका डिजिटल बोर्डहरुमा प्रदर्शन गर्न सम्बन्धित निकायमा अनुरोध गरी निर्वाचनको प्रचार प्रसार हुने व्यवस्था गर्नुपर्ने छ ।

## परिच्छेद -६

## सरकारी संचार माध्यमसँग सहकार्य

२९. **नेपाल टेलिभिजन** : (१) मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारका लागि आयोगले तयार गरेका भिडियो सन्देशहरुको प्रसारण, समाचारमूलक कार्यक्रमहरु प्रसारण, निर्वाचन सम्बन्धी विशेष कार्यक्रम उत्पादन तथा प्रसारण लगायत निर्वाचन सम्बन्धी जागरण अभियान संचालन गर्नका लागि नेपाल टेलिभिजनसँग आयोगले छुट्टै सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्न नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३०. **गोरखापत्र संस्थान** : (१) गोरखापत्र दैनिकका अंकहरुमा आयोगका निर्वाचन सम्बन्धी सन्देशहरु प्रकाशनको विशेष व्यवस्था गर्ने, निर्वाचनको दिनगन्ती (काउन्टडाउन) प्रकाशन गर्ने, गोरखापत्रले प्रकाशन गर्ने भाषाका पृष्ठहरुमा समेत तत्तत् भाषाहरुमा निर्वाचन सम्बन्धी सन्देशहरु प्रकाशन गर्ने, गोरखापत्रका अन्य प्रकाशनहरुमा समेत निर्वाचनका सन्देशहरु प्रकाशन गर्ने कार्यका लागि गोरखापत्र संस्थानसँग छुट्टै सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्न नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३१. **रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)** : (१) मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारका लागि आयोगले तयार गरेका अडियो सन्देशहरुको प्रसारण, समाचारमूलक कार्यक्रमहरु प्रसारण, निर्वाचन सम्बन्धी विशेष कार्यक्रम उत्पादन तथा प्रसारण लगायत निर्वाचन सम्बन्धी जागरण अभियान संचालन गर्नका लागि रेडियो नेपालसँग आयोगले छुट्टै सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्न नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३२. **राष्ट्रिय समाचार समिति** : (१) राष्ट्रिय समाचार समितिबाट निर्वाचनको समयमा छुट्टै निर्वाचन डेस्कको व्यवस्था गरी आयोग र अन्तर्गत कार्यालय तथा राजनीतिक दलहरुले संचालन गर्ने गतिविधिहरुलाई प्राथमिकता साथ संप्रेषण गर्न राष्ट्रिय समाचार समितिसँग छुट्टै सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्न नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३३. **नेपाल विज्ञापन बोर्ड** : निर्वाचनका लागि आयोगले तयार गरेका निर्वाचन सम्बन्धी सन्देशहरु नेपाल सरकारको लोककल्याणकारी विज्ञापन अन्तर्गत प्रकाशन प्रसारण गर्न, आम संचारका माध्यमहरु प्रकाशन प्रसारण भएका निर्वाचन सम्बन्धी सन्देशहरुको अनुगमन गर्न, अनलाइन संचार माध्यमहरुबाट निर्वाचन सम्बन्धी सन्देश प्रसारण गर्न, सेटलाइटबाट प्रसारण हुने नेशनल टिभी बाहेक नेटवर्क टिभी, केवल टिभी तथा अन्य टेलिभिजनहरुबाट सन्देश प्रसारण गर्न तथा निर्वाचन आचार संहिता पालना सम्बन्धमा आम संचार माध्यमको अनुगमन गर्न नेपाल विज्ञापन बोर्डसँग छुट्टै सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेक आयोगले निर्वाचन सम्बन्धी विभिन्न किसिमका अडियो तथा भिडियो सन्देशहरु उत्पादनको कार्य विज्ञापन बोर्डबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्न नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद -७

## मतदाता शिक्षा सम्बन्धी थप कार्यक्रम

३४. **रणनीतिक स्थानहरुमा डिजिटल डिस्प्ले** : आयोगले स्वीकृत गरेका मतदाता शिक्षा एवम् प्रचार प्रसार सम्बन्धी छोटो अवधिका भिडियो सन्देश तथा एनिमेशनहरुलाई देशका विभिन्न मुख्य स्थानमा रहेका डिजिटल बोर्डहरुबाट प्रदर्शन गर्ने व्यवस्था गर्नेछ ।

३५. **टेलिभिजन क्वीज कार्यक्रम** : निर्वाचन सम्बन्धी विषयमा जानकारी हुने खालका साना साना प्रश्न उत्तर बनाई युवा विद्यार्थी नयाँ मतदाता लक्षित हाजिरी जवाफ प्रतियोगिता (Quiz Contest) कम्तिमा पाँच वटा टेलिभिजनबाट सात दिनसम्म प्रसारण गर्ने व्यवस्था गर्नेछ ।

३६. **फेसबुक, युटुव लगायत सामाजिक संजालहरुबाट सन्देश प्रसारण** : निर्वाचनलाई लक्षित गरी आयोगबाट स्वीकृत भएका निर्वाचन सम्बन्धी विभिन्न सन्देशहरुलाई फेसबुक, युटुव, भाईबर, म्यासेन्जर, ट्वीटर, इन्स्टाग्राम आदि लोकप्रिय सामाजिक संजालहरुमा प्रसारण गर्नेछ ।

३७. **"म निर्वाचनमा सहभागि हुन्छु" अभियान** : सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री, लगायत राष्ट्रिय जीवनमा ख्यातीप्राप्त व्यक्तित्वहरुबाट निर्वाचनमा सहभागी हुन अभिप्रेरित गर्ने खालका बढीमा ३० से. अवधिका भिडियोहरु तयार गरी आयोगको सामाजिक सन्जाल तथा टेलिभिजनहरु मार्फत प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान संचालनका लागि नेपाल टेलिभिजनसँग सम्झौता गरिनेछ ।

३८. **मोवाइल तथा ल्याण्डलाइन फोनमा कलर रिंग ब्याक टोन र एसएमएस** : निर्वाचन सम्बन्धी जागरण ल्याई सबै नागरिकमा सन्देश मोवाइल तथा ल्याण्डलाईन फोनमा विभिन्न किसिमका कलर रिंग ब्याक टोन (सिआरबिटी) तयार गरी प्रसारण गर्नुपर्ने छ । यसैगरी मतदानको दिन प्रमुख निर्वाचन आयुक्तले सबै मतदातालाई मतदानका लागि आव्हान गरेको सन्देश सबै मोवाइलहरुमा एसएमएस प्रसारण हुने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका सन्देश प्रसारण गर्न नेपाल दूरसंचार प्राधिकरण, नेपाल टेलिकम तथा एनसेलसँग आवश्यक समन्वय गरिनेछ ।

३९. **आयोगको वेवसाइट तथा सामाजिक संजालको प्रयोग** : (१) निर्वाचनसम्बन्धी सूचना एवम् जानकारीहरु बढीभन्दा बढी मतदाता समक्ष पुर्‍याउनका लागि आयोगले आफ्नो वेवसाइट तथा सामाजिक संजालहरुको प्रयोगलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका च्यानलहरुका दर्शक अभिवृद्धि गर्न विभिन्न किसिमका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्नुपर्ने छ ।

४०. **संघ संस्था मार्फत मतदाता शिक्षा** : (१) आयोगले निर्वाचन सम्बन्धी सूचना एवम् जानकारीहरु आम मतदाता समक्ष पुर्‍याउन विभिन्न गैर सरकारी संघ संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नको लागि आयोगले त्यस्ता संस्थाहरुको छनौट गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम छनौट भएका संघ संस्थाहरुबाट मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने मापदण्ड बनाई कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा आयोगले नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषदसँग आवश्यकता अनुसार समन्वय गरी अनुगमन गर्नुपर्नेछ ।

## परिच्छेद -८

## जनशक्ति व्यवस्था तथा तालिम

४१. **समन्वयकर्ता** : (१) दफा ११ बमोजिम स्थानीय तहका वडा स्तरमा संचालन हुने मतदाता शिक्षा सम्बन्धी घरदैलो कार्यक्रमको समन्वय गर्नका लागि सम्बन्धित निर्वाचन अधिकारीले निर्वाचन कार्यालयको एक जना ना.सु.स्तरको कर्मचारीलाई समन्वयकर्ताको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्त समन्वयकर्ताले देहाय बमोजिम काम, कर्तव्य, अधिकार र जिम्मेवारी पूरा गर्नुपर्दछ ।

(क) आफ्नो जिल्ला अन्तर्गत स्थानीय तहका वडाहरुमा संचालन हुने मतदाता शिक्षा कार्यक्रमका लागि आयोगबाट प्राप्त मतदाता शिक्षा सामग्रीहरु स्थानीय तहमा पुर्‍याउने,

(ख) स्थानीय तहका वडाहरुमा संचालन हुने मतदाता शिक्षा सम्बन्धी घरदैलो कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

(ग) आफ्नो जिल्ला भित्रका स्थानीय तहका वडाहरुमा संचालन भएका कार्यक्रमहरुको नियमित अनुगमन गरी कार्यान्वयन स्तरमा आइपर्ने समस्याको समाधान गर्ने वातावरण मिलाउने,

(घ) मतदाता शिक्षा सम्बन्धी घरदैलो कार्यक्रमका लागि आयोग, निर्वाचन कार्यालय, स्थानीय तह र वडा समिति बीच आवश्यक समन्वय स्थापना गर्ने,

(ङ) आफ्नो जिल्लामा संचालन भएका मतदाता शिक्षा कार्यक्रमको आयोगमा नियमित प्रतिवेदन गर्ने,

४२. **स्थानीय अनुगमन अधिकृत** : (१) दफा ११ बमोजिम स्थानीय तहका वडाहरुमा संचालन हुने मतदाता शिक्षा कार्यक्रमको अनुगमनका लागि सम्बन्धित स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिलाई निर्वाचन अधिकारीले स्थानीय अनुगमन अधिकृतको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति भएका अनुगमन अधिकृतले आफ्नो स्थानीय तह अन्तर्गत संचालन भएका मतदाता शिक्षा सम्बन्धी कार्यक्रमको अनुगमन गरी सम्बन्धित निर्वाचन अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएका अनुगमन अधिकृतले आफ्नो स्थानीय तह अन्तर्गत संचालन भएका मतदाता शिक्षा सम्बन्धी घरदैलो कार्यक्रमलाई प्रभावकारी बनाउन निर्वाचन कार्यालय र वडा स्तरीय कार्यक्रम वीच समन्वय र सहजीकरण गरी तत्काल आइ परेका समस्यालाई समाधान गर्नु पर्नेछ ।

४३. **मतदाता शिक्षा प्रशिक्षण** : (१) आयोगले कार्यक्रम सञ्चालन गर्नुभन्दा अगाडि कार्यक्रममा खटिने विभिन्न तहका जनशक्तिको ज्ञान, क्षमता तथा दक्षता अभिवृद्धिको लागि मतदाता शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण कार्यक्रम आयोगले बनाएको निर्वाचन तालिम निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद-९

## विविध

४४. **शिक्षा सामग्री विकास** : (१) कार्यान्वयन समितिले कार्यक्रम सञ्चालन गर्न निर्वाचनका विधि र प्रक्रियाबारे आमलमतदाता तथा सरोकारवालालाई लक्षित गरी विभिन्न प्रकारका शिक्षा सामग्रीको विकास गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सामग्रीको विकास गर्दा कार्यान्वयन समितिले योजना तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका सामग्रीको विकास गर्दा नेपालको संविधान, निर्वाचन सम्बन्धी नीति, कानून, आयोगले तयार गरेका निर्देशिका, निर्देशन, आदेश र निर्णयहरू मुख्य मार्गदर्शकको रूपमा रहने छन् र सोको लागि विगतका निर्वाचनहरूको अनुभवसमेतलाई आधार लिइनेछ ।

(४) आयोगले शिक्षा सामग्री विकास गर्दा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशीकरण नीतिलाई आत्मसात गरी महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, विभिन्न भाषा भाषीका समुदाय र अन्य सीमान्तकृत समुदायको निर्वाचन तथा मतदाता शिक्षामा पहुँच अभिवृद्धि हुने गरी निर्वाचनका हरेक चरणमा समावेशीता प्रवर्द्धन गर्ने किसिमका सामग्री विकास गर्नु पर्नेछ ।

४५. **शिक्षा सामग्रीको स्वीकृति** : (१) आयोगले दफा ४४ बमोजिम विकास गरिएका शिक्षा सामग्री स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत गरिएका शिक्षा सामग्रीहरु मात्र कार्यक्रमको लागि स्रोत सामग्रीको रुपमा प्रयोग गरिनेछ ।

(३) कुनै गैरसरकारी संस्था वा अन्य कुनै संस्थाले निर्वाचन शिक्षा कार्यक्रम वा मतदाता शिक्षा सम्बन्धी कार्यक्रममा प्रयोग हुने सामग्री निर्माण तथा प्रयोग गर्न चाहेमा आयोगको स्वीकृति लिनु पर्नेछ ।

४६. **शिक्षा सामग्री उत्पादन** : (१) दफा ४५ को उपदफा (१) बमोजिम स्वीकृत भएका शिक्षा सामग्री कार्यान्वयन समितिको सिफारिशमा आयोगको निर्णय बमोजिम उत्पादन गर्नुपर्नेछ ।

(२) कुनै गैरसरकारी संस्था वा अन्य कुनै संस्थाले कार्यक्रममा प्रयोग हुने शिक्षा सामग्री उत्पादन गर्न चाहेमा आयोगको स्वीकृतिको लागि कार्यान्वयन समिति मार्फत आयोगमा निवेदन दिन सक्नेछ ।

४७. **निर्वाचनका सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया** : निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय र पारदर्शि बनाउन मतदाता शिक्षा कार्यक्रममा नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, पर्यवेक्षण संघसंस्था, सामुदायिक संस्था, पेशागत संघ संस्था, औद्योगिक प्रतिष्ठानहरु, मिडिया हाउसहरु लगायत नीजी क्षेत्रका विभिन्न संघसंस्थाहरुको भूमिका हुने हुँदा यस्ता संस्थाहरुसँग आयोगले नियमित छलफल र अन्तरक्रियाको कार्यतालिका बनाई निम्न बमोजिम केन्द्र, प्रदेश र जिल्लाहरुमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।

- संघ, प्रदेश तथा जिल्ला स्तरमा क्रियाशिल यस्ता संगठनहरुको सुची तयार गरी नियमित छलफलको कार्यतालिका तयार गर्ने,
- छलफलका बिषय, प्रस्तुतीकरण, निर्वाचनमा संघसंस्थाको भूमिका तथा आयोगको अपेक्षा समेटिएको कार्यक्रमको खाका र ढाँचा आयोगबाट तयार गरी सबै प्रदेश तथा जिल्लाहरुमा पठाउने,
- निर्वाचन अवधिभर यस्तो कार्यक्रम सञ्चालन गरी आयोगले गरिरहेका कार्य तथा नागरिक समाजले गर्नुपर्ने कार्यहरुका सम्बन्धमा छलफल तथा प्रस्तुती गर्ने,
- निर्वाचनको अवधिमा आयोगले तयार गरेको मतदाता शिक्षा सामग्रीहरु नागरिक समाज, निजि क्षेत्रहरुलाई प्रचार प्रसारको लागि दिने र वृहतरुपमा आफ्ना सञ्जालमार्फत संप्रेशणको लागि अनुरोध गर्ने,
- प्रत्येक स्थानीय स्तरमा समेत मतदातालाई सूचना र सन्देश प्रवाह गर्न अन्तरक्रिया र नमुना मतदान कार्यक्रम गर्ने ।

४८. **प्रदेश तथा स्थानीय सरकारको समन्वयमा प्रचार प्रसार** : निर्वाचनका लागि आयोगबाट तयार भएका मतदाता शिक्षा सामग्रीहरुको उच्चतम प्रयोग गरी मतदाता शिक्षा एवम् निर्वाचन प्रचार प्रसार कार्यलाई व्यापक र प्रभावकारी बनाउन आयोगबाट प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गरी प्रदेश तथा स्थानीय सरकारका संरचनागत व्यवस्था, जनशक्ति तथा साधन श्रोतको प्रयोगलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

४९. **आम संचार माध्यमका छाता संगठनहरुसँग सहकार्य** : आयोगको आवश्यकताका आधारमा आम संचार माध्यमका छाता संगठनहरुबाट पनि निर्वाचनका सन्देशहरु प्रसारण गर्ने व्यवस्था गर्न सकिने छ ।

५०. **अन्य संघ संस्थाहरुबाट प्रचार प्रसार** : मतदाता शिक्षा कार्यक्रम अन्तर्गत संचालन भएका प्रचार प्रसारका कार्यका अतिरिक्त गैर सरकारी संस्था, निर्वाचन पर्यवेक्षण संस्था, नागरिक समाज, निजी क्षेत्रका संघसंस्था आदिबाट समेत मतदाता शिक्षा र निर्वाचन प्रचार प्रसार गर्ने देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने छ ।

(क) निर्वाचनको समयमा मतदाता शिक्षा कार्यक्रम गर्न चाहने संघसंस्थाले आयोगमा अनुरोध गर्नुपर्ने,

(ख) आवेदन दिने संघसंस्थाहरुका कार्यानुभव, साधनश्रोतको व्यवस्था, कार्यक्षेत्र आदि विषयमा अध्ययन गरी आयोगले अनुमति दिन सक्ने,

(ग) अनुमति पाएका संघसंस्थाहरुलाई कार्यक्रम संचालनका लागि आवश्यक सहयोग तथा सामग्रीहरु उपलब्ध गराउन सक्ने वा आयोगले स्वीकृत गरेको ढाँचा बमोजिम मतदाता शिक्षा सामग्री उत्पादन गर्न अनुमति प्रदान गर्न सक्ने,

(घ) आयोगबाट उत्पादित निर्वाचन सम्बन्धी जींगल, पिएसए, अडियो–भिडियो लगायत सामग्री, विभिन्न रेडियो, एफ.एम तथा टेलिभिजनबाट प्रशारण गर्न विभिन्न संघ संस्थाहरुलाई अनुरोध गर्ने,

(ङ) सार्वजनिक संस्थाहरुको सामाजिक उत्तरदायित्व अन्तरगत यस्ता सामग्री प्रकाशन, प्रसारणका लागि अनुरोध गर्ने,

(च) आयोगबाट उत्पादित मतदाता शिक्षा कार्यक्रम सम्बन्धी सामग्री विभिन्न निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी संस्था तथा साझेदार निकायको सहयोगमा प्रसारण हुने व्यवस्था मिलाउने ।

५१. **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन** : (१) मतदाता शिक्षा निर्देशक समितिले आयोग तथा विभिन्न निकायहरूबाट सञ्चालित मतदाता शिक्षा कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने वा गराउनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन र मूल्याङ्कन गर्दा विज्ञ वा विज्ञ समूहको सहयोग लिन सकिनेछ ।

(३) यस दफा बमोजिम गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन तयार गरी निर्देशक समितिले आयोग समक्ष पेश गर्नु पर्नेछ ।

५२. **प्रतिवेदन** : यस निर्देशिका बमोजिम सञ्चालन गरिएका कार्यक्रम सम्बन्धी प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

५३. **शिक्षा सामग्रीको अनुवाद** : (१) यस निर्देशिका बमोजिम तयार गरिएका शिक्षा सामग्री आयोगले विभिन्न भाषामा अनुवाद गरी प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुवाद गरी तयार गरिएका सामग्रीहरू स्थानीय प्रचलनमा रहेका भाषिक समुदाय मार्फत समेत वितरणको व्यवस्था मिलाउन सकिनेछ ।

५४. **खर्च तथा मापदण्ड** : (१) मतदाता शिक्षा सम्बन्धी बजेट तथा कार्यक्रम आयोगले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत बजेट खर्च गर्ने मापदण्ड आयोगले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ ।

५५. **आदेशको पालना** : निर्वाचन आयोग ऐन, २०७३ बमोजिम कार्यक्रम सञ्चालन सम्बन्धमा आयोगले दिएको आदेश तथा निर्देशनको पालनामा सबै सरोकारवालाले सहयोग गर्नुपर्नेछ ।

अनुसूची-१

निर्वाचन आयोग, नेपाल

# प्रदेश/जिल्ला निर्वाचन कार्यालय,

.................................. जिल्ला ।

पत्रसंख्या :

प्राप्त पत्रसंख्या र मिति :

मिति .................

विषय : मतदाता शिक्षा अनुगमन अधिकृत तोकिएको ।

महाशय,

संवत् २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ को दफा ४१ बमोजिम तपाईंलाई ........... ................ गाउँपालिका/नगरपालिकाको लागि मतदाता शिक्षा अनुगमन अधिकृत तोकिएको छ ।

आँफूलाई तोकिएको क्षेत्रभित्र संचालन भएको सम्पूर्ण मतदाता शिक्षा कार्यक्रमको स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको मान्यता अनुरुप नियमित अनुगमन गरी निर्वाचन अधिकारीलाई प्रतिवेदन गर्नुहुनेछ ।

आफ्नो कार्य सम्पादनको सम्बन्धमा तपाईंको जवाफदेहिता निर्वाचन आयोगप्रति हुनेछ ।

श्री ..................................
..........................................
.............गाउँ/नगर कार्यपालिका कार्यालय,
......................... ।

...........................
निर्वाचन अधिकारी

अनुसूची-२

निर्वाचन आयोग, नेपाल

# प्रदेश/जिल्ला निर्वाचन कार्यालय,

................................ जिल्ला ।

पत्रसंख्या :

प्राप्त पत्रसंख्या र मिति :

मिति .................

विषय : मतदाता शिक्षा समन्वयकर्ता तोकिएको ।

महाशय,

संवत् २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ को दफा ४० बमोजिम तपाईंलाई यस जिल्लाको मतदाता शिक्षा समन्वयकर्ता तोकिएको छ ।

तपाईंले मतदाता शिक्षाका लागि खटिएका निर्वाचन शिक्षा कार्यकर्ताले सञ्चालन गरेका मतदाता शिक्षासम्बन्धी कार्यक्रमको स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको मान्यता अनुरुप समन्वय गर्नु हुनेछ । आफूले पालना गर्नुपर्ने कर्तव्यका सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा निर्वाचन अधिकारीसँग सम्पर्क राखी निर्देशन भए बमोजिम गर्नुहुन अनुरोध छ ।

आफ्नो कार्य सम्पादनको सम्वन्धमा तपाईंको जवाफदेहिता निर्वाचन आयोगप्रति हुनेछ ।

श्री ..................................

..........................................

..........निर्वाचन कार्यालय, ...............।

**बोधार्थ :**

श्री निर्वाचन आयोग ।

..............................

प्रदेश/जिल्ला निर्वाचन अधिकारी

अनुसूची - ३

## निर्वाचन आयोग, नेपाल

### मतदाता शिक्षा संचालन समिति (वडास्तर) ले पेश गर्ने प्रतिवेदन

मतदाता शिक्षा कार्यक्रम सञ्चालनका सम्बन्धमा आफूले संचालन गरेको मतदाता शिक्षा कार्यक्रमको देहायको विवरण सहित यो प्रतिवेदन पेश गरिएको छ ।

**मतदाता शिक्षा कार्यक्रम सम्बन्धी विवरण**

| भ्रमण गरेको घरमूलीको नाम | टोलको नाम | प्रशिक्षण गरिएका मतदाता | | | मतदाता शिक्षा सामग्री टाँस तथा वितरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | ब्रोसर | एफ.ए. क्यू | पोष्टर | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | जम्मा | | | | |

(प्रतिवेदन तयार गर्ने)

(प्रतिवेदन प्रमाणित गर्ने)

अनुसूची-४

निर्वाचन आयोग, नेपाल

## मतदाता शिक्षा संचालन समिति (वडास्तर) को कार्यविवरण

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगले स्वीकृत गरेको मतदाता शिक्षा कार्यक्रम निर्देशिका बमोजिम स्थानीय तहका वडामा गठित मतदाता शिक्षा संचालन समिति (वडास्तर) को कार्यविवरण देहाय बमोजिम हुनेछ ।

(क) निर्वाचन कार्यालयको आयोजनामा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा भाग लिन प्रतिनिधि पठाउने,

(ख) स्थानीय तहको समन्वयमा वडास्तरमा संचालन हुने मतदाता शिक्षा सम्बन्धी समुदायस्तर/घरदैलो कार्यक्रममा वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका परिचालन गर्ने,

(ग) आफ्नो वडा क्षेत्रभित्रका सम्पूर्ण मतदातालाई समेट्ने गरी कार्यक्रम सञ्चालन कार्यतालिका तयार गर्ने,

(घ) आफ्नो वडामा मतदाता शिक्षालाई प्रभावकारी रूपमा जनस्तरसम्म पुऱ्याउने कार्य गर्ने,

(ङ) वडाको क्षेत्रभित्र क्रियाशील राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्था, नागरिक समाज, सामाजिक अगुवा आदिसँग सामूहिक साक्षात्कार तथा अन्तरक्रिया गरी मतदाता शिक्षा कार्यक्रममा सहयोग र सहजीकरण गर्न अनुरोध गर्ने,

(च) वडाको क्षेत्रभित्र रहेका मतदाताको समुदायस्तर/घरदैलोसम्म पुगी मतदातालाई आवश्यक सूचना र सन्देश प्रदान गर्ने,

(छ) निर्वाचन कार्यालयबाट प्राप्त भएका पर्चा, पोष्टर, ब्रोसर लगायतका मतदाता शिक्षा सामग्री वितरण तथा टाँस गर्ने,

(ज) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा स्थानीयस्तरमा प्रचलित मेला महोत्सव, हाटबजार आदिमा प्रचार प्रसार र सचेतनाको कार्यक्रम गर्ने,

(झ) मतदाता शिक्षाको लागि आयोगले विभिन्न सञ्चार माध्यमबाट प्रकाशन, प्रसारण गरेका प्रचार प्रसारका कार्यक्रमका बारेमा नियमित रुपमा जानकारी लिई आम मतदातालाई सुसूचित गर्ने,

(ञ) वडा क्षेत्रमा आयोग बाहेक अन्य निकायबाट सञ्चालन भएका मतदाता शिक्षाका गतिविधिको बारेमा निर्वाचन कार्यालयमा नियमित जानकारी गराउने,

(ट) समितिबाट दैनिक भएका कार्यको टिपोट गरी समन्वयकर्ता र अनुगमन अधिकृत समक्ष पेश गर्ने,